**Reg. No. 681** **SWC Aff. No. 15556**

**दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :**

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं**

मिति: २०७०/०५/०६

**RDN नेपालको आगामी यात्रा : संघर्ष र निर्माण एकसाथ**

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाली दलित राजनीतिमा विश्वास गर्ने कार्यरत अधिकारमुखी दलित संस्थाहरु, राजनैतिक पार्टीहरुका जनवर्गीय संगठनहरुमा संलग्न तथा स्वतन्त्र दलित एक्टीभिष्टहरुको साझा नेटवर्क हो । RDN नेपाल सुदूरपश्चिम र मध्यपश्चिमको जर्जर जातीय छुवाछूत र विभेदका विरुद्ध मानवअधिकारमुखी अभियान संचालन गर्न २०५७ भाद्र ६ गते स्थापना भएको थियो । यो मानवअधिकारमुखी दलित एक्टीभिष्टमा आधारित जनसंगठनका रुपमा कार्यरत रहँदै आएको कुरा सर्वविधितै छ ।

यस बीचमा RDN नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरसँग आबद्ध भई दलितअधिकार आन्दोलन, नेपाली मानवअधिकार आन्दोलनको मूलप्रवाह मानवअधिकार एलाइन्स्, भूमिअधिकार आन्दोलनको मूलप्रवाह भूमिअधिकार सरोकार समूह तथा मंच, प्राकृतिक स्रोतको आन्दोलन प्राकृतिक स्रोत परिसंघ लगायतका आन्दोलनहरुमा एकाकार भई नेतृत्वदायी भूमिका निर्वाह गर्नु, नेपालमा पहिलो पटक दलित संसदको शुरुवात नेपाल सरकारलाई वैज्ञानिक आरक्षण सम्बन्धी पहिलो बैकल्पिक प्रतिवेदन पेश गर्नु, हलिया मुद्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरी मुक्तिको अवस्थासम्म पुग्नु, वादी मुद्दाको राष्ट्रियकरण गर्नु, छुवाछूत मुक्त राष्ट्र घोषणाको व्यवहारिक कार्यान्वयनमा हस्तक्षेपकारी भूमिका, तत्कालीन नेकपा माओवादीको नेतृत्वमा संचालित १० वर्षे शसस्त्र द्वन्द्वमा मानवअधिकार पर्यवेक्षकको भूमिका निर्वाह गर्नु, छुवाछूत अपराध निगरानी केन्द्रको अवधारणालाई सरकारका प्रधानमंत्रीका तर्फबाट घोषणाको तहमा पुगाउनु, दलित अधिकार दिवसको घोषणा गराउने भूमिका, गैरभौगोलिक संघीय परिषदको अवधारणालाई राष्ट्रिय मुद्दा स्थापित गराउनु, दलित अधिकार दशकको राष्ट्रियकरण र देशका ७५ वटै जिल्लामा सम्पर्क, ५० वटा जिल्लाहरुमा शाखा गठन र देशका ठूला ठूला नागरिक संगठनहरुसंगको सहकार्यमा अब्बल नागरिक संगठनका रुपमा स्थापित हुनु लगायत ऐतिहासिक रणनीतिका मुद्दाहरु स्थापित गर्न सफल भएको सगौरव अवगत गराउन चाहन्छौं ।

आज राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको स्थापना दिवसको अवसरमा यसका संस्थापकहरु, यसको अगुवाइमा संचालित अभियान र यसका सम्पूर्ण गतिविधिहरुमा सहयोग पुरयाउनु हने आदर्णीय साझेदारहरु, आबद्ध नेटवर्क तथा एलाइन्सहरु, राजनीतिक दलहरु, मानवअधिकार तथा नागरिक संगठनका अगुवाहरु, दलित राजनीतिक संगठनहरु, संस्थाहरु, दलित एक्टिभिष्टहरु, RDN नेपालका सबै तहका साथीहरु र आम दलित समुदायप्रति हार्दिक आभार व्यक्त गर्दै शुभकामना व्यक्त गर्दछौं । आगामी दिनमा यस्तै खालको सहयोगको अपेक्षा सहित ।

गणेश वि.के
केन्द्रीय अध्यक्ष